**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०२ सितम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

१. पश्चिम बंगाल अपराधिक कानूनमा संशोधन विधेयक भोलि पश्चिम बंगाल विधानसभामा पेश गरिनेछ।
२. आरजी कर अस्पतालमा महिला डाक्टरको बलात्कार र हत्याको घटनाको विरोधमा भाजपाले आज राज्यका विभिन्न जिल्ला शासकको कार्यालय अघि प्रदर्शन गरेको छ।
३. कोलकाताको घटनालाई लिएर भाजपा दार्जिलिङ जिल्ला समितिले दार्जिलिंग र कालेबुङमा पनि प्रदर्शन गर्दै राज्यमा राष्ट्रपति शासनको मांग गरेका छन्।
४. राष्ट्रपति द्रौपदी मुर्मु महाराष्ट्रको तीनदिने भ्रमणको क्रममा कोल्हापुर पुग्नु भएको छ।
५. आफ्नो हक अनि अधिकारको निम्ति लङ्भ्यू चियाबारीमा श्रमिकहरुको धर्ना प्रदर्शन जारी रहेको छ|

**<u>अपराधिक कानूनमा संशोधन विधेयक</u>**

पश्चिम बंगाल अपराधिक कानूनमा संशोधन विधेयक भोलि पश्चिम बंगाल विधानसभामा पेश गरिनेछ। विधेयकले पश्चिम बंगालमा बलात्कारए सामूहिक बलात्कारए बलात्कार र हत्याका अपराधीहरूलाई थप सजाय दिन खोजेको छ। विधेयकको नाम अपराजिता महिला र बाल (पश्चिम बंगाल आपराधिक कानून संशोधन) विधेयक २०२४ हो जसमा भारतीय न्याय संहिता २०२३ए भारतीय नागरिक सुरक्षा संहिता २०२३ र यौन अपराधबाट बालबालिकाको संरक्षण ऐन २०१२ मा मात्रै लागू हुनेछ। पश्चिम बंगाल राज्य विधेयकले महिला तथा बालबालिकालाई यौनजन्य अपराधमा थप सुरक्षा दिनेछ। विधेयकले अपराजिता कार्यदल पनि स्थापना गर्नेछ जुन जिल्ला तहमा पुलिस अधिकृतदेखि उपरीक्षक तहसम्मको विशेष कार्यदल हुनेछ। विधेयक पारित गर्नका लागि दुई दिने विशेष अधिवेशन बोलाइएको थियो। आज पहिलो दिन हो। पश्चिम बंगालका पूर्व मुख्यमन्त्री बुद्धदेव भट्टाचार्यको निधनमा शोक प्रस्ताव पारित गरी आजको बैठक दिनभरका लागि स्थगित गरिएको थियो। भाजपा सदस्यहरूले आरजी कर बलात्कार र हत्या पीडितको लागि शोक प्रस्तावको माग गरे। अदालतको आदेशमा बलात्कार पीडितको नाम सार्वजनिक गर्न नसकिने भन्दै विधान सभा अध्यक्ष विमान बन्दोपाध्यायले माग अस्वीकार गर्नु हयो। आरजी कर घटनाका मृतक डाक्टरको सम्झनामा भाजपाका सदस्यहरूले अधिवेशन सकिएपछि विधान सभाभित्रै आन्दोलन गरेका थिए र भाजपाका विधायकहरूले मैनबत्ती लाइट मार्च गरेका थिए।अपराजिता महिला र बाल (पश्चिम बंगाल अपराधिक कानून संशोधन) विधेयक २०२४ भोलि दिउँसो विधानसभामा विचार र पारितको लागि पेश गरिनेछ।

****** ० ******

**<u>भाजपाको राज्यभरि प्रदर्शन</u>**

आरजी कर अस्पतालमा महिला डाक्टरको बलात्कार र हत्याको घटनाको विरोधमा भाजपाले आज राज्यका विभिन्न जिल्ला शासकको कार्यालय अगाडि प्रदर्शन गरेको छ। यसैबीचए बर्दवानको जिल्ला शासकको कार्यालय अगाडि प्रदर्शन गरिरहेका भाजपा कार्यकर्ता-समर्थकहरूको पुलिससँग झडप भएको छ। जब पुलिसले भाजपा कार्यकर्ताहरूलाई ब्यारिकेड पार गर्नबाट रोक्न खोजेए तब झडप भएको छ। बर्दवान बाहेक मालदामा भाजपा कार्यकर्ताले दुवै पक्षबाट जिल्ला अधिकारीको कार्यालय घेराबन्दी गरेका थिए। यस्तै तस्विर आसनसोलमा पनि देखियो। जिल्ला अधिकारीको कार्यालय अगाडि विरोध प्रदर्शन गर्न आएका भाजपा कार्यकर्ता र समर्थकले पुलिसको अवरोधको सामना गर्नु परेको थियो । त्यसपछि भाजपा कार्यकर्ता र समर्थकहरू पुलिस ब्यारिकेड अगाडि हडतालमा बसेका थिए। भाजपा नेता र कार्यकर्ताहरूले कोलकाताको अलिपुरमा जिल्ला शासकको कार्यालय अगाडि विरोध प्रदर्शन गरे। यस्तै तस्विर पुरुलियामा पनि देखियो ।अर्कोतर्फए कुचबिहारमाए बीजेपी नेता र पूर्व सांसद निशिथ प्रामानिक सडकमा उत्रिएक थिए। स्थिति नियन्त्रणमा लिन पुलिसले पानीको फोहोरा प्रयोग गरेको थियो। भाजपाले बुधबार राज्यका विभिन्न खण्ड विकास कार्यालयहरूमा विरोध प्रदर्शन गर्ने योजना बनाएको छ। त्यसपछि राज्यको प्रमुख विपक्षी दलले शुक्रबार दिउँसो १२ बजेदेखि २ बजेसम्म धर्ना दिने भएको छ।

****** ० ******

**भाजपा दार्जिलिङ जिल्ला**

अविलम्ब राष्ट्रपति शासन लागू गरिनुपर्छ भन्ने माग गर्दै पूर्व घोषित कार्यक्रम अनुसार भाजपा दार्जिलिङ जिल्ला कमिटीले आज दार्जिलिङ जिल्लापाल कार्यालय परिसरमा विरोध प्रदर्शन गरेको छ। यस अवधि पार्टीका अन्य नेतृत्व अनि कार्यकर्ताहरूको साथ उपस्थित जिल्ला कमिटी उपाध्यक्ष तथा प्रवक्ता एलएम लामाले कलकत्तामा ट्रेनी डाक्टरसित भएको घटनाको विरोधमा भाजपाले बंगालभरि प्रदर्शन गरिरहेको बताउनु भयो। उहाँले सोही अनुरूप भाजपा दार्जिलिङ जिल्ला कमिटीले पनि आज घटनाको विरोधमा प्रदर्शन गरेको अनि पीडितले न्याय नपाएसम्म विक्षोष प्रदर्शन जारी रहने बताउनु भयो।

****** ० ******

**प्रतिवाद जुलूस भाजपा कालेबुङ**

कोलकाताको आरजी कर मेडिकल कलेजको घटनालाई केन्द्र गर्दै महिलाहरूको सुरक्षा गरिनु पर्ने मागमा भाजपा दार्जिलिङ जिल्ला समितिले आज कालेबुङमा प्रतिवाद जुलूस निकालेको छ। भारतीय जनता पार्टीको जिल्ला अध्यक्ष कल्याण देवानको अगुवाईमा निकालिएको उक्त प्रतिवाद जुलूस १० माईल फाटकबाट आरम्भ गरिएको थियो। जुलूसले कलेबुंग शहरका विभिन्न मार्गहरु परिक्रमा गर्दै कोलकाता घटनामा सङ्लग्न दोषीहरुले कानुन अनुरुप सजाय पाउनु पर्ने माग गरिएको छ। जुलूसमा भाजपा कालेबुङका नेताहरु शुभ प्रधान लगायत भाजपा महिला अनि युवा प्रकोष्ठका प्रतिनिधिहरुको उपस्थिति रहेका थिए। उक्त जुलूस जिल्लापाल कार्यालय पुगेपछि उपस्थित भाजपा समर्थकहरुले बङ्गाल सरकार विरुद्ध व्यापक नाराबाजी गरेका थिए। यस अवधि भाजपा दार्जिलिङ जिल्ला अध्यक्ष कल्याण देवानको नेतृत्वमा एक टोलीले जिल्लापालसित भेट गरे। उक्त भेटपछि भाजपा जिल्ला अध्यक्ष कल्याण देवानले पश्चिम बङ्गालमा कानुन अनि संविधानको उल्लंघन भएको आरोप लगाउँदै राज्यमा राष्ट्रपति शासन लागु गरिनु पर्ने माग गर्नु भएको छ।

****** ० ******

**भाजपाद्वारा मन्त्रीविरुद्ध उजुरी**

आरजी. कर अस्पतालमा महिला डाक्टरको हत्या र बलात्कारको घटनामा पीडितको नाम खुलाएको भन्दै जिल्ला भाजपाले आज मन्त्रीविरुद्ध उजुरी दिएको छ। भाजपा अध्यक्ष विवेक रंगाले पुरुलिया सदर पुलिस स्टेशनमा लिखित उजुरी दिनु भएको छ। यस क्रममा पुरुलियाको लोकसभा सांसद ज्योतिर्मय सिंह महतो पनि उपस्थित हुनुहुन्थ्यो।गत शुक्रबारए कुलचा ब्लक तृणमूल कांग्रेसको आह्वानमाए आरजी. कर घटनाको विरोधमा र्‍याली निकालिएको थियो। पुँचा किसान बजार अगाडि जुलुसलाई सम्बोधन गर्दै मन्त्री रानी टुडुले पीडितको नाम प्रयोग गरेकी थिइन्। उक्त भाषणको भिडियो भाइरल भएको थियो। यसपछि आज भाजपाले पश्चिमाञ्चल विकास विभागकी राज्यमन्त्री सन्ध्या रानी टुडुविरुद्ध लिखित उजुरी दिएको छ।

****** ० ******

**अभया क्लिनिक शुरु**

मेदिनीपुर मेडिकल कलेज र अस्पतालमा अभया क्लिनिक सुरु भएको छ। आरजी. कर घटनाको विरोधका बीच जुनियर चिकित्सकहरुले सर्वसाधारणलाई सेवा दिन यस्तो निर्णय गरेका हुन्। विरोध स्थलमा टेबल राखेर विभिन्न विभागका जुनियर डाक्टरहरुले बिरामीको उपचार गर्न थाले।आरजी. कर घटनालाई लिएर अहिले पनि राज्यभर अशान्ति छ। हरेक दिन कुनै न कुनै संघ संस्थाए समाज र क्लबले पनि विरोध जुलुस निकालिरहेका छन्। केन्द्रीय अनुसन्धान एजेन्सी सीबीआईले घटनाको अनुसन्धान शुरु गरेको छ । वास्तवमाए आरजी.कर घटनालाई लिएर सत्तारुढ दलका विद्यार्थी नेताले दबाब दिएको विरोधमा जुनियर डाक्टर र मेडिकलका विद्यार्थीहरूले पश्चिम मेदिनीपुर मेडिकल कलेजमा फेरि हडतालको आह्वान गरेका थिए। एकपछि अर्को सूचनाले मेडिकल कलेज क्याम्पस तातेको छ । तरए चिकित्सकहरु बिरामीको स्वास्थ्यमा कुनै जोखिम मोल्न चाहँदैनन् । त्यसैले आन्दोलनकै क्रममा चिकित्सकहरूले ‘अभय क्लिनिक’ सञ्चालन गर्ने निर्णय गरेका हुन्।

****** ० ******

**राष्ट्रपति महाराष्ट्र**

राष्ट्रपति द्रौपदी मुर्मु महाराष्ट्रको तीनदिने भ्रमणको क्रममा कोल्हापुर पुग्नुभएको छ। राज्यपाल सी.पी. राधाकृष्णनले उहाँलाई कोल्हापुरमा स्वागत जनाउनु भएपश्चात राष्ट्रपति मुर्मुले करवीर निवासिनी श्री महालक्ष्मी मन्दिरमा पूजाअर्चना गर्नुभयो। राष्ट्रपति तीन दिने महाराष्ट्र भ्रमणमा हुनुहुन्छ। उहाँले भोलि पुणेमा सिम्बायोसिस इन्टरनेशनलको २१औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुने कार्यक्रम छ। राष्ट्रपति मुर्मु मुम्बईमा महाराष्ट्र विधान परिषद्को शताब्दी समारोहमा पनि सहभागी हुनुहुनेछ।

****** ० ******

**बालुवाबास पुल संरक्षण कमिटी**

बालुवाबासमा नवनिर्मित ब्रिज अनि स्काई वक झोलुङ्गे पुलको सुरक्षा र विकासको निम्ति बालुवाबास पुल संरक्षण कमिटी गठन गरिएको छ। दावा छिरिङ तामाङको अध्यक्षतामा सम्पन्न सभामा सिङताम कमानदेखि जम्मा ११ वटा समाजका सभापति-सचिव अनि लोवर चुङथुङबाट ८ वटा र लोवर लिजाहिलदेखि ३ वटा समाजका सभापति- सचिवहरु उपस्थित थिए। यसैगरीए सदर एक दार्जिलिङ समष्टिका सभासद प्रतिम सुब्बा लगायत अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो। यो संरक्षण कमिटीमा पदाधिकारीहरु सभापति सिङतामबाट दावा छिरिङ तामाङए चुङथुङबाट बिजय शेर्पाए सचिव सिङतामबाट नविन राईए चुङथुङबाट महेन्द्र राई लगायत प्रमुख संरक्षक सदस्यहरु सभासद प्रतिम सुब्बाए सुरज तामाङए दिपक राईए रुबेनराज प्रधानए जिग्मी शेर्पा आदिलाई चयन गरिएको छ। सभामा समाजका प्रतिनिधिहरूले बालुवाबास पूल संरक्षण कमिटी विषयमा सुझाउहरु राखे भने बालुवाबासको उत्तरोत्तर प्रगतिको निम्ति एकजुट भई अघि बढ्नु पर्ने मन्तव्य राखेका थिए।

****** ० ******

**लङ्भ्यू चियाबारी - धर्ना**

आफ्नो हक अनि अधिकारको निम्ति खरसाङको लङ्भ्यू चियाबारीमा धर्ना प्रदर्शन जारी रहेको जानकारी प्राप्त भएको छ। विगत केही दिनदेखि लङ्भ्यू चियाबारीमा श्रमिकहरूको रहल रकम साथै विगत वर्षको रहल बोनस झट्ट वितरण गर्नु पर्ने माग लिएर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको श्रमिक संगठनको धर्ना आज पनि जारी रह्यो। यस अवधि श्रमिकहरूले भोको पेट आन्दोलन साथै काम गर्न नसकिने भन्दै श्रमिकहरूको बाँकी खर्च, स्टाफ र सब स्टाफको तलब झट्ट दिनु पर्ने माग गर्दै चियाबारीका प्रबन्धकलाई कार्यालयमा बन्द गरिदिएको जानकारी प्राप्त भएको छ। श्रमिकहरूले जबसम्म मालिक पक्षले रहल रकम भुक्तान गर्दैन तबसम्म चियाबारीमा काम नगर्ने निर्णय गरेको जानकारी प्राप्त भएको छ।

****** ० ******